नगर कार्यपालिका बैठक नं. २०

स्थानः ठूलीभेरी नगरपालिकाको सभाहल

मितिः २०८०।१०।२८

आज मिति २०८० साल माघ महिना २८ गते आइतबारका दिन यस ठूलीभेरी नगरपालिकाका नगर प्रमुख श्री श्रवर्ण कुमार बुढाज्यूको अध्यक्षतामा २० औं नगर कार्यपालिकाको बैठक बस्यो । आजको बैठकको उपस्थिति देहाय बमोजिम रहेको छ ।

<u>उपस्थितिः</u>

| | | | |
|---|---|---|---|
| | श्रवर्ण कुमार बुढा | नगर प्रमुख | अध्यक्ष |
| | छिरिङ्ग टोल्मा महत | नगर उपप्रमुख | सदस्य |
| | तेजेन्द्र बहादुर रोकाया | वडाध्यक्ष वडा नं १ | सदस्य |
| | कमल बहादुर क्षत्री | वडाध्यक्ष वडा नं २ | सदस्य |
| | भक्त बहादुर भण्डारी | वडाध्यक्ष वडा नं ३ | सदस्य |
| | जुद्ध बहादुर बुढा | वडाध्यक्ष वडा नं ४ | सदस्य |
| | भीम बहादुर रोकाया | वडाध्यक्ष वडा नं ५ | सदस्य |
| | तेजेन्द्र कार्की | वडाध्यक्ष वडा नं ६ | सदस्य |
| | ध्रुबबिक्रम शाही | वडाध्यक्ष वडा नं ७ | सदस्य |
| | मनराम ठकुल्ला | वडाध्यक्ष वडा नं ८ | सदस्य |
| | सुब्रास कठायत | वडाध्यक्ष वडा नं ९ | सदस्य |
| | हर्षरुप महत | वडाध्यक्ष वडा नं १० | सदस्य |

| | | | |
|---|---|---|---|
| | भद्र बहादुर कार्की | वडाध्यक्ष वडा नं ११ | सदस्य |
| | हैता रोकाया | कार्यपालिका सदस्य महिला | सदस्य |
| | कली भण्डारी | कार्यपालिका सदस्य महिला | सदस्य |
| | सरस्वती बुढा | कार्यपालिका सदस्य महिला | सदस्य |
| | पुतली देवी रोकाया | कार्यपालिका सदस्य महिला | सदस्य |
| | बिष्णु कुमारी डाँगी | कार्यपालिका सदस्य महिला | सदस्य |
| | दिलमाया विक | कार्यपालिका सदस्य दलित | सदस्य |
| | प्रिती सार्की | कार्यपालिका सदस्य दलित | सदस्य |
| | काजीमान वि क | कार्यपालिका सदस्य दलित | सदस्य |
| | सन्तोष बहादुर खड्का | नि.प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | पूर्ण बहादुर रोकाया | का·वा· वडा अध्यक्ष १ | ११ |
| | डिल्लीराम तिमिल्सेना | सहायक पाँचौं | |
| | निराजन गिरी | सहायक चौथो | |
| | कर्ण प्रसाद कार्की | का·वा· वडा अध्यक्ष ११ | सदस्य |
| | सुनिल शुक्ल | लेखापाल | |
| | माधव शाही | अ·स·ई· | |

नगर कार्यपालिका बैठकका प्रस्तावहरुः-

१. हिँउदे नगरसभा संचालन सम्बन्धमा।

२. आँखेखोला लघु जलविद्युत आयोजना सम्बन्धमा ।

३. करार कर्मचारीको म्याद थप सम्बन्धमा।

४. खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन विधेयक २०८० सम्बन्धमा।

५. ठूलीभेरी नगरपालिका जलश्रोत ऐन २०८०, नियमावली २०८० सम्बन्धमा ।

६. कृषि एम्बुलेन्स माग सम्बन्धमा ।

७. मेयर सँग जनता कार्यक्रम सम्बन्धमा ।

८. कृषि तथा पशुपंक्षि विकास शाखा तर्फको संघिय शसर्त अनुदान कार्यक्रम सम्बन्धमा ।

९. योजना संशोधन सम्बन्धमा ।

१०. योजना माग सम्बन्धमा ।

११. बिशेष अनुदानबाट प्राप्त न्यून साक्षरता भएका क्षेत्रमा शैक्षिक विकास सम्बन्धमा ।

१२. बिशेष अनुदान कार्यक्रम संचालन ब्यबस्थापन मापदण्ड स्वीकृत सम्बन्धमा ।

१३. फोहोरमैला व्यवस्थापन कार्यक्रमको बजेट सुनिश्चितता सम्बन्धमा ।

१४. गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रममा लागत सहभागिता सम्बन्धमा ।

१५. **LISA** र **FRA** को नतिजा सम्बन्धमा ।

१६. खानेपानी तथा सरसफाइ योजनाको म्याद थप सम्बन्धमा ।

स्वर्ण कुमार बुढा
नगर प्रमुख

निर्णयहरु

**निर्णय नं १**

यस ठूलीभेरी नगरपालिकाको १२ औं हिंउदे नगरसभा अधिवेशन यहि मिति २०८० माघ २९ गते सोमबार गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

यस ठूलीभेरी नगरपालिका वडा नं ११ मा संचालन निर्माणाधिन श्री आँखेखोला लघु जलविद्युत आयोजना निर्माणको लागि कर्णाली प्रदेश सरकारवाट आर्थिक वर्ष २०८०/०८१ मा रु. २ करोड ७० लाख बजेट विनियोजन भएकोमा उक्त निर्माण योजना हाल सन्चालन नहुने भएपछि उक्त बजेट ठूलीभेरी नगरपालिकाको प्रमुख प्रशासनिक भवनमा रकमान्तर गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने तथा यस नगरपालिकाको १२ औं हिंउदे नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

यस ठूलीभेरी नगरपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा अन्य क्षेत्रमा पालिकाको अनुदान/ राजश्व बाडफाडवाट तलव भत्ता खाने करार कर्मचारीलाई बजेटको स्रोत सुनिश्चितता गरि करार म्याद सकिएकोले माघ १ देखि असार मसान्त सम्म (६ महिना) को लागि म्याद थपको लागि सम्वन्धित कर्मचारीहरुबाट निवेदन संकलन गर्ने र म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय न.४**

यस ठूलीभेरी नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन विधेयक २०८० बनेको विधेयक १२ औं हिउदे नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

स्वर्ण कुमार बुढा
नगर प्रमुख

CamScanner

यस ठूलीभेरी नगरपालिकाको जलश्रोत ऐन २०८० र नियमावली २०८० १२ औं हिंउदे नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ६**

यस ठूलीभेरी नगरपालिका वडा नं. ८ को मिति २०८०।१०।२८ गतेको वडा समितिको बैंठक बाट वडा नं. ८ मा प्राय जसो मानिस कृषिमा आवद्ध रहेको तरकारी, फलफुल र अन्य विविध सामग्री जिल्ला सदरमुकाम दुनै डोल्पामा ढुवानी गर्न समस्या रहेकोले कृषि तथा पशुपंक्षी मन्त्रालयमा कृषि एम्वुलेन्स माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस ठूलीभेरी नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ मा बजेट विनियोजन भएको मेयर सँग जनता कार्यक्रम बाट श्री आँखे खोला लघु जलविद्युतको संरक्षण तथा दिगो व्यवस्थापनको लागि रु. ५००,००० (अक्षेरुपी पाँच लाख) बजेट विनियोज़न गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ८**

यस ठूलीभेरी नगरपालिका कृषि तथा पशुपंक्षी शाखा तर्फको संघिय शसर्त अनुदान कार्यक्रको रकम कार्यविधिको परिधि भित्र रही कार्यक्रम संचालन गर्दै जाने भनि निर्णय पारित गरियो ।

**निर्णय नं. ९**

यस ठूलीभेरी नगरपालिकामा चालु आ व २०८०।८१ का लागि प्राप्त हुन आएका कर्णाली प्रदेश सरकार तर्फका आयोजनाहरुमध्ये तपसिल बमोजिमका आयोजनाहरु संशोधन गर्नुपर्ने भएकाले संशोधन गरिदिन कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सिफारिश गर्ने निर्णय गरियो ।

| क स | प्राप्त योजनाको नाम | संशोधित आयोजनाको | संशोधन गर्नुपर्ने |
|---|---|---|---|

स्वर्ण कुमार बुढा
नगर प्रमुख

| | | नाम | कारण |
|---|---|---|---|
| १ | गैरिकाँडा घोरेटो बाटो | पातेखोला उचेना घोरेटो बाटो | |
| २ | रिखापानी सिँचाई निर्माण योजना | लामसिम निर्माण सिँचाई योजना | |

ठूलीभेरी नगरपालिका वडा नं. ४ मा आ.व. २०८०।०८१ मा वडागत वजेट अन्तर्गत श्री झ्याउराखारा देखि दाप्चा सम्म तटवन्ध निर्माण योजना संशोधनका लागि मिति २०८०।०९।११ मा योजना संशोधन गर्ने भनि लेखि आएकोले उक्त योजनाको शिर्षक परिवर्तन गरि वडा कार्यालय तटवन्ध मर्मत योजना राख्रको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं १०

यस नगरपालिका देहायका क्षेत्रमा तपसिलका योजनाहरु अति आवश्यक परेकाले वडा कार्यालयको सिफारिस र लगत इस्टिमेटका आधारमा कर्णाली प्रदेश सरकार र संघिय सरकारसँग माग गर्ने निर्णय गरियो।

| क्र सं | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | रह गाउँ पाखेलामो गुनथले हुदै सर्पे गुफा सम्म पर्यटक पदमार्ग | ठूलीभेरी ११ |
| २ | साँगटा हेली प्याड देखि आँखे हेली प्याड सम्म पर्यटन पदमार्ग | ठूलीभेरी १० र ३ |
| ३ | अमल्दा पानी देखी चिउरी, लियाधारा हुदै डाँगीबाडा जोड्ने सडक निर्माण | ठूलीभेरी ८ |
| ४ | जुफाल ७ नं वडा कार्यालय भवन खेलमैदान तारजाली घेरावार ठूलीभेरी ७ | ठूलीभेरी ७ |
| ५ | गुरा वावत गुम्बा निर्माण | ठूलीभेरी ७ |
| ६ | वैसा रुख खम्मन सम्म ढल निकाश | ठूलीभेरी ७ |

स्वर्ण कुमार बुढा
नगर प्रमुख

| | | |
|---|---|---|
| ७ | घेट्टेखोला क्रियापुल्ती भवन निर्माण | ठूलीभेरी ७ |
| ८ | तली कुला ककानी हुदै चैती खारा सम्म बाटोन निर्माण | ठूलीभेरी ७ |
| ९ | जौल्या मुल मली जसिमारे खानेपानी आयोजना निर्माण | ठूलीभेरी ७ |

निर्णय नं. ११

आ.व.२०८०/८१ को विशेष अनुदानबाट प्राप्त न्यून साक्षरता भएका क्षेत्रमा शैक्षिक बिकासका लागि विशेष शैक्षिक विकास कार्यक्रमका लागि प्राप्त रु १ करोड रकमलाई प्रत्येक वडा वा वडाको उच्चतम तहको विद्यालयले व्यवस्थापन गर्ने गरि विभिन्न पेशा व्यवसाय, सुचना तथा संदेशमुलक विषयवस्तु सहितको मानिसको दैनिक जीवनोपयोगी हुने आयआर्जन र चेतनामुलक ई-पुस्तकालयको ११ वडा र १ नगरपालिकाको शिक्षा शाखामा रहने १२ वटा स्थापना गर्ने तपसिल बमोजिम विनियोजन गर्ने र उक्त विजिनियोजित कार्यक्रमको सफ्टवेर,हार्डवेर र परामर्श सेवा जस्ता फरक फरक प्रकृतिको भएकोले फरक फरक सिल्वन्धि दरभाउ पत्र आह्वान गर्ने निर्णय गरियो

तपसिल

| क्र.स. | कार्यक्रम | आवश्यक रकम | कैफियत |
|---|---|---|---|
| १. | ई-पुस्तकालयको विषयवस्तु (अनलाईन /अफलाइन ) | रु २०,००,००० | |
| २. | ई-पुस्तकालयको अभिमुखीकरण (अडियो /विडियो ) | रु २०,००,००० | |
| ३ | कम्प्युटर ,प्रिन्टर ,टेलिभिजन र अन्य एक्सेसेरिज | रु २०,००,००० | |
| ४. | सोलार प्रणाली र अन्य यसका सामाग्री | रु १५,००,००० | |
| ५ | फर्निचर र फिटिङ | रु १२,००,००० | |

स्वर्ण कुमार बुढा
नगर प्रमुख

CamScanner

| | | | |
|---|---|---|---|
| | | र रु ८,००,००० | |
| ६. | कुल जम्मा | रु १ करोड | |

निर्णय नं. १२

आ.व.२०८०/८१ को बिशेष अनुदानबाट प्राप्त न्यून साक्षरता भएका क्षेत्रमा शैक्षिक विकासका लागि विशेष शैक्षिक विकास कार्यक्रमक संचालन र व्यवस्थापन मापदण्ड २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

आ.व. २०८०।०८१ मा कर्णाली प्रदेश सरकारबाट नगद अनुदान शिर्षक मार्फत समपुरक तर्फबाट रु १ करोड बजेट प्राप्त भएको तर यस नगरपालिकाले उक्त बजेटमा साझेदारी गर्नुपर्ने रकम अभाव भएकोले सो रकम आगामी आ.व. २०८१।०८२ मा विनियोजन गर्ने गरी उक्त बजेट सुनिश्चितता गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत विगत ३ वर्ष देखि यस नगरपालिकाका विभिन्न वडाहरुमा कार्यक्रम संचालन भइरहेको परियोजनाभा साना उद्यम विकास सम्बन्धि तालिम र केही प्रविधि हस्तान्तरण यस नगरपालिकाका अत्यन्त गरिव जनसमुदायलाई छनौट गरि कार्यक्रम संचालन गर्नु पर्ने अवस्थमा आ. व. २०७९।०८० को म ले प टोलीबाट समुदायबाट लागत सहभागिता गर्नु पर्ने भनेकोले प्रविधि हस्तान्तरणको २० प्रतिसत रकम हाल सम्म कुनै वडामा नउठाएकाले आगामी कार्यक्रममा समेत विगत वर्ष अनुरुप अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १५

स्वर्ण कुमार बुढा
नगर प्रमुख

स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याकन (LISA) र वित्तीय जोखिम मुल्याकन (FRA) को नतिजा बैठकमा छलफल गरि जिल्ला समन्वय समितिमा पठाउने निर्णय सहित नतिजा सार्वजनिक गरियो ।

निर्णय नं. १६

यस ठूलीभेरी नगरपालिका सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (सुस्वा) आयोजना डोल्पा अन्तर्गत आर्थिक वर्ष २०७९।०८० मा सञ्चालन भएका खानेपानी तथा सरसफाई योजनाहरुको समयावधि थप गर्ने निर्णय गरियो।

निर्णय नं. १७

संघीय सरकार सर्सत अनुदान अन्तर्गत ठूलीभेरी नगरपालिकाको कार्यालय द्वारा संचालन हुने राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यान्वयनका लागि यस नगरपालिकामा सूचिकृत कृषि फर्म/समूहहरु मध्ये बाट श्री लालिगुराँस कृषि तथा पशुपालन महिला पोषण कृषक समूह ठूलीभेरी ७ लाई जिम्मा दिई नगरपालिका अन्तर्गतका कृषक हरुलाई निशुल्क विउ विजन तथा बेर्नाहरु उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १८

ठूलीभेरी नगरपालिकाको चालु आ.व. मा सुस्वा परियोजनाद्वारा पानी शुद्धिकरण प्रणाली जडान तथा नियमित अनुगमन कार्यक्रम अन्तर्गत ठूलीभेरी नगरपालिका द्वारा आ.व २०७९।०८० मा निर्माण भएको जुफाल खानेपानी योजनामा इनलाइन क्लोरिनेसन मेशिन जडान गरि नियमित अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

यस ठूलीभेरी नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत तपसिलको वजेट खर्च शिर्षकको रकम खर्च नभई मौज्दात रहेको रकमबाट तपसिलका मर्मत योजनाको कार्य गर्ने निर्णय गरियो ।

तपसिल:

१. नगर सडक गुरुयोजना खर्च शिर्षकबाट फुरिल्ला देखि लाहारा सम्म सडक मर्मत योजना
२. सेवा र परामर्श र नगर सडक गुरुयोजना खर्च शिर्षकबाट लोलागाड देखि थरगाँउ सम्म सडक मर्मत योजना
३. फर्निचर तथा फिक्चर्स, डोल्पो क्याम्पस शौचालय मर्मत सुधार खर्च र सार्वजनिक बाटो संरक्षण कार्यक्रम तथा लगत कट्टा समेत खर्च शिर्षकबाट थरगाउँ देखि तालि सम्म सडक मर्मत योजना।

CS CamScanner